# नेपालमा मानव विकास प्रतिवेदनको सन्दर्भ र सन् २०१४ को प्रतिवेदन : एक चर्चा

**डा. हरिप्रसाद लम्साल**
**सहसचिव, शिक्षा मन्त्रालय**

विश्वमा पहिलो मानव विकास प्रतिवेदन सन् १९९० मा प्रकाशित भएको थियो । यस प्रतिवेदनको प्रकाशनपश्चात् विश्वमा मानवीय पक्षको विकासको प्रगति मापन गर्नुका साथै यसका बारेमा गहन बहस सुरु भएको हो । यस प्रतिवेदनको प्रकाशनपश्चात् यसलाई मानवीय विकासको पक्षलाई जनताको जीवनस्तरमा भएको सुधार विकास मापन गर्ने साधनका रूपमा लिन थालिएको हो । विकास मानवको भलाइ, मानवको जीवनस्तर सुधार, आयआर्जन, आर्थिक वृद्धि अनि क्षमता विकासका लागि हो । क्षमता विकास र सोको प्रयोग गर्न सक्ने हुनु विकास हो । यससँग शिक्षा, स्वास्थ्य, सूचना, सुरक्षा, स्तरीय जीवन, स्वतन्त्रता, सहभागिता, समावेशिपना जस्ता पक्षहरू जोडिएका हुन्छन् । मानव विकासको अवधारणासँगै मुलुक धनी हुनुलाई मात्र विकास मान्ने परम्परागत अवधारणामा परिवर्तन आएको पाइन्छ ।

नेपालले सन् १९९८ देखि मानव विकासको प्रतिवेदन प्रकाशन गर्न सुरु गरेको हो । यस प्रतिवेदनले राजनीतिक, आर्थिक एवम् दृष्टिकोणलाई मुख्य आधार मानेर आधारभूत विकासका पूर्वाधार र प्रक्रियाका बारेमा सूक्ष्म रूपमा विश्लेषण गरेको थियो । अङ्ग्रेजीमा प्रकाशित यस प्रतिवेदनका मुख्य सुझावहरूमा समाज, राजनीति र आर्थिक पक्षको पुनर्संरचना (reorient) लाई मानव विकासका आधार मानिएको थियो । यी पक्षहरूमा सुधार गर्नुपर्ने सुझाव प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सन् २००१ मा गरिबी न्यूनीकरण कार्य र सुशासनका बिच अन्तर सम्बन्ध हुन्छ भन्ने मुख्य विषय वस्तुलाई आधार मानेर नेपालले 'Nepal Human Development Report 2001: Poverty Reduction and Governance' अर्को मानव विकास प्रतिवेदन प्रकाशनमा ल्याएको थियो । यो प्रतिवेदन गरिबी घटाउने कार्यमा सुशासनको महत्त्वका बारेमा केन्द्रित रहेको छ । यस प्रतिवेदनले मुलुकमा देखिने गरिबी कुशासन र कमजोर संयन्त्र (नीति तर्जुमा र कार्यान्वयन) को नतिजा हो भन्ने निष्कर्ष निकालेको छ । यस प्रतिवेदनले गरिबी घटाउन प्रशासन र वित्त विकेन्द्रीकरणमा सुधार, स्थानीय

स्वशासनको सुदृढीकरण र गैर सरकारी सङ्घ संस्थासँग साझेदारीको अपेक्षा गरेको छ । एवम् विपन्न र सीमान्तकृत समुदायको सुदृढीकरण गर्ने कार्यलाई प्रोत्साहन दिनुपर्ने सुझाव दिएको छ । यसैगरी सन् २००४ मा 'Nepal Human Development Report 2004: Empowerment and Poverty ReductionÚ अर्को प्रतिवेदन प्रकाशित भयो । यो प्रतिवेदन सबैलाई अवसर प्रदान गर्ने र सशक्तीकरण गर्ने कार्यबाट गरिबी घटाउन सकिन्छ भन्ने विषयमा केन्द्रित छ । जनताको सशक्तीकरणका लागि राज्यका संयन्त्रहरूलाई जनताप्रति जवाफदेही र संवेदनशील बनाउनुपर्ने, सामाजिक अवरोधक एवम् भेदभावलाई हटाउने (उन्मूलन गर्ने) र स्थायीय सङ्गठनहरूको क्षमता सुदृढीकरणकरण गर्ने तथा सामाजिक पुँजी (हैसियत/क्षमता) बढाउनुपर्ने विषयहरूलाई समावेश गरेर प्रतिवेदनले सुधारका लागि ३ ओटा स्तम्भ सुझाएको छ ।

सन् २००९ मा मानव विकास प्रतिवेदन सम्बन्धमा नेपालमा दुईओटा प्रतिवेदन प्रकाशनमा आएका छन् । एउटा प्रतिवेदन 'Nepal Readings in Human Development' भन्ने शीर्षकमा रहेको छ । यसमा

मानव विकासका विविध पक्षका बारेमा चर्चा गरिएको छ । अर्को सन् २००९ मा 'राज्यको पुनर्संरचना र मानव विकास' शीर्षकमा थप एक प्रतिवेदन नेपालले प्रकाशन गरेको थियो । यस प्रतिवेदनको शीर्षक 'Nepal Human Development Report 2009: State Transformation and Human Development' रहेको छ । यस प्रतिवेदनमा मानव विकासमा मुलुकभित्र रहेका असमानता र विविधताका बारेमा तुलनात्मक विश्लेषण गरिएको छ । सामाजिक बहिष्करणलाई नै असमानताको कारण र प्रभावका रूपमा लिइएको छ । मुलुकभित्रका विभिन्न समूहहरूको आकाङ्क्षालाई सम्बोधन गर्नका लागि राज्यको पुनर्संरचना हुनुपर्ने तर्क यसमा उल्लेख गरिएको छ । यसका लागि राजनीतिक प्रणालीमा सुधारको आवश्यकता रहेको ठम्याइ प्रतिवेदनको छ । राज्य पुनर्संरचनाका लागि उपयुक्त हुने किसिमबाट प्रतिवेदनले १० ओटा बुँदाहरू सुझावका रूपमा उल्लेख गरेको छ । प्रतिवेदनमा सामाजिक न्याय, समावेशिता र सहभागिता सुनिश्चित हुन गई यिनीहरूको नतिजा स्वरूप शान्ति र मानव विकास प्राप्त हुन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

मानव विकास प्रतिवेदन प्रकाशन गर्ने सिलसिलामा सन् २०१४ मा नेपालले एक प्रतिवेदन प्रकाशित गरेको छ । प्रतिवेदन तयार गर्ने कार्यका लागि प्रा. डा. पीताम्वर शर्मा टोली नेता रहेको लेखन समूह गठन गरिएको थियो । विभिन्न विज्ञहरूद्वारा समूहगत र छुट्टाछुट्टै रूपमा पुनरवलोकन तथा सुझाव दिने व्यवस्था पनि गरिएको थियो ।

भूगोलभन्दा पर, मानवीय क्षमताको ढोका खोल्ने विषयलाई मूल केन्द्रमा राखेर यो प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनको शीर्षक 'Nepal Human Development Report 2014: Beyond Geography Unlocking Human PotentialÚ रहेको छ । माथि उल्लेख गरिएका सबै प्रतिवेदनहरूको प्रकाशन राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्र सङ्घ विकास कार्यक्रमको संयुक्त प्रयासमा प्रकाशित भएका हुन् । सन् २०१४ को प्रतिवेदन प्रकाशन गर्नका लागि राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा एक कार्यदल गठन गरिएको थियो । यसमा विभिन्न मन्त्रालय र निकायहरूको सहभागिता रहेको थियो ।

सन् २०१४ को यस प्रतिवेदनमा जम्मा छ ओटा भागहरू रहेका छन् । यसमा १६ ओटा अनुसूचीहरू, २५ ओटा चित्रहरू, आठओटा नक्साहरू र २६ ओटा तालिकाहरू समावेश गरिएको छ । पहिलो भागभन्दा अगाडि समग्र रूपमा प्रतिवेदनको दृश्यावलोकन प्रस्तुत गरिएको छ । यस खण्डमा मानव विकास प्रतिवेदनको अवधारणा, प्रतिवेदनको ढाँचा र यसमा समावेश विषयवस्तुहरू र मुख्य प्राप्तिहरू उल्लेख गरिएको छ । प्रतिवेदनमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र सचिव एवम् संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको रेजिडेन्ट संयोजन र मन्तव्य पनि दिइएको छ ।

प्रतिवेदनको पहिलो भागमा यसभन्दा अगाडि प्रकाशित भएका मानव विकास प्रतिवेदनहरूको प्रमुख विशेषताहरूको बारेमा चर्चा गरिएको छ । उपलब्ध तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण गर्नका लागि १५ ओटा एकाइहरूको प्रयोग हुँदै आएकामा सन् २०१४ मा प्रकाशित यस प्रतिवेदनमा जम्मा ९ ओटा एकाइहरूको प्रयोग भएको छ । १५ ओटा एकाइको प्रयोग गर्दा मुलुकका पाँच विकास क्षेत्रलाई तिन ओटा भौगोलिक क्षेत्रले बाँडिएको थियो । हाल ९ ओटा एकाइ बनाउन मुलुकलाई (१) पूर्वी र मध्य हिमाल (६ जिल्ला) (२) पूर्वी र मध्य पहाड (१४ जिल्ला) (३) पूर्वी र मध्य तराई (१२ जिल्ला) (४) काठमाडौँउपत्यका (३ जिल्ला), (५) पश्चिम पहाड (११ जिल्ला), (६) पश्चिम तराई (३ जिल्ला), (७) पश्चिम, मध्य पश्चिम र सुदूर पश्चिम हिमाल (१० जिल्ला), (८) मध्य र सुदूर पश्चिम पहाड (११ जिल्ला) र (९) मध्य र सुदूर पश्चिम तराई (५ जिल्ला) मा बाँडिएको छ । यसरी ९ ओटा एकाइमा बाँड्ने आधारहरूमा अवस्थिति, मानव विकास, उत्पादनशील क्षमता, सामाजिक जनजातीय विशेषता र राजनैतिक अर्थ व्यवस्था आदि रहेका छन् । मुलुकको भौगोलिक असमानताका आधारमा विश्लेषण गर्नका लागि पनि यी आधारहरूको प्रयोग गरिएको तर्क प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यस किसिमको आधार लिँदा नेपालीका जीवनस्तर मापन र सर्वेक्षणले प्रयोग गरेको विश्लेषण

एकाइसँगको तादात्म्यता राख्न खोजिएको देखिन्छ । प्रतिवेदनको पहिलो भाग जनता र भूगोलको उत्पादनशील क्षमता बढाउने विषयमा केन्द्रित रहेको छ । गरिबी न्यूनीकरण गर्ने र मानव विकास गर्नका लागि जनताको उत्पादनशील क्षमता बढाउनु आवश्यक मात्र होइन यसको वितरण पनि न्यायपूर्ण हुनुपर्छ । प्रतिवेदनको यस खण्डमा क्षमता (Capability), समावेशीतामा वृद्धि र उत्पादनशील अर्थ व्यवस्थाको अन्तरसम्बन्धका विषयमा विश्लेषण गरिएको छ । गरिबी घटाउन क्षमता (समग्र र कार्यक्षमता) बढाउनै पर्ने देखिन्छ तर यो मुलुकको सबै क्षेत्र र जनतामा उत्तिकै मात्रामा लागु हुनुपर्ने देखिन्छ । प्रतिवेदनमा नेपालको विकासमा विगत २ दशकमा अवलम्बन गरेका विकास प्रयासका आधारमा हासिल भएको उत्पादनशील क्षमताको लेखाजोखा गरिएको छ । यसबाट आगामी दिनका लागि नीति निर्माताका लागि आवश्यक सूचनाको आधार प्रस्तुत भएको छ ।

प्रतिवेदनको दोस्रो भागमा मानव विकास सूचकका बारेमा भएको प्रगतिका बारेमा विश्लेषण गरिएको छ । सन् २००१ मा पहिलो पटक जिल्लाहरूको मानव विकास सूचकाङ्कको अवस्था प्रस्तुत गरिएकामा अहिले सन् २०१४ मा आएर पुनः त्यसमा भएको प्रगतिको विवरण जिल्लागत रूपमा समावेश गरिएको छ । जिल्ला र क्षेत्रगत तुलनात्मक प्रगतिले भएको प्रगति बुझ्न सजिलो बनाएको छ । सन् २००१ मा काठमाडौं जिल्लाको अवस्था सबैभन्दा राम्रो (०.६५२) थियो भने सो अवस्था सन् २०१४ मा आएर पनि (०.६९२) कायम रहेको देखिन्छ । तर सबैभन्दा कम सन् २००१ मा मुगु (०.३६४) रहेकामा सन् २०१४ मा बाजुरा (०.३६४) हुन पुगेको छ । सन् २०११ को तथ्याङ्कलाई आधार मान्दा दक्षिण एसियाली क्षेत्रमा नेपालको अवस्था (०.४५८) अफगानिस्तानभन्दा मात्र माथि रहेको विवरण प्रतिवेदनमा उल्लेख गरिएको छ । यस क्षेत्रमा सबैभन्दा राम्रो अवस्था श्रीलङ्काको रहेको छ । प्रतिवेदनको यस भागमा समग्र मुलुकको, विकास क्षेत्रगत, भौगोलिक क्षेत्रगत जिल्लागत, सहर ग्रामीण क्षेत्रगत एवम् मुख्य मुख्य जातजातिगत रूपमा मानव विकास सूचकाङ्कको अवस्था उल्लेख गरिएको छ । यसका साथमा लैङ्गिक विकास सूचकाङ्क, लैङ्गिक सशक्तीकरण मापक, मानव गरिबी सूचकाङ्क आदिमा विद्यमान अवस्था र विगतको अवस्थाको तुलनात्मक प्रस्तुति समेत प्रतिवेदनमा गरिएको छ । प्रतिवेदनले मानव विकास सूचकाङ्क गणना गर्दा दुई विधि (नयाँ जसलाई Geometric Mean भनिएको छ र पुरानो विधि जसलाई Arithmetic mean भनिएको छ) प्रयोग गरेको छ । सन् २०१४ को प्रतिवेदनमा समावेश गरिएको मानव विकास सूचकाङ्कको अवस्था सन् २०११ को जनगणनाको सूचनाका आधारमा गरिएको छ । विकास क्षेत्रगत रूपमा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको अवस्था सबैभन्दा कम (०.४९३) रहको छ भने मध्यमाञ्चल विकास क्षेत्रको मान सबैभन्दा बढी ०.५५८ रहेको छ । हिमाल (०.४९५) पहाड (०.५६९), तराई (०.५२१) मा पहाडको अवस्था राम्रो छ भने शहर (०.६३०) र ग्रामीण (०.५१७) मा शहर धेरै अगाडि देखिन्छ । जातजातिगत रूपमा प्रतिवेदनले जम्मा १६ ओटा समूहको मानव विकास सूचकको अवस्था उल्लेख गरेको छ । यी जातजाति मध्ये ब्राह्मण/क्षेत्रीको अवस्था सबैभन्दा राम्रो छ भने मधेसी दलितको अवस्था सबैभन्दा कम रहेको छ । यसै गरी यस भागमा Gender Development Index. Gender Empowerment Measures, Human Poverty Index आदि जस्ता सूचकहरूमा हासिल भएको प्रगतिको अवस्था समेत उल्लेख गरिएको छ ।

प्रतिवेदनको भाग ३ मा भौगोलिक क्षेत्रगत रूपमा सुविधामा पहुँच र घरपरिवारको जीवनयापन अवस्था सूचकाङ्कका बारेमा प्रगति र सोको विश्लेषण प्रस्तुत गरिएको छ । मानव विकासका सम्बन्धमा हालको अवस्था राज्यले विगतमा कार्यान्वयनमा ल्याएका नीति तथा कार्यक्रमहरूको प्रभाव वा असर हो भन्न सकिन्छ । नीति तथा कार्यक्रमहरूले मानवीय क्षमता अभिवृद्धि गरी उत्पादनशील बन्न पनि सहयोग गरिरहेका हुन्छन् । यो भाग समग्रमा उत्पादनशील क्षमता मापन गर्ने विषयसँग सम्बन्धित छ । मानव विकास र यससँग सम्बन्धित अन्य सूचकहरू व्यक्तिको शिक्षा, स्वास्थ्य, आय, जीवन आयु आदिसँग सम्बन्धित हुन्छन् । प्रतिवेदनले देखाए अनुसार के भन्न सकिन्छ भने समग्र नीति तथा कार्यक्रमको प्रभाव वा असरका बारेमा पुनः एकपटक सोच्नु पर्ने देखिएको छ । यस भागमा Individual ability index, Household well-being index, Regional access to

facilities index जस्ता विषयहरूमा भएको प्रगतिको लेखाजोखा प्रस्तुत गरिएको छ । प्राविधिक रूपमा यी सूचकहरू गणना गर्न प्रयोग गरिएका variables र गणना गर्ने तरिका समेत यस भागमा प्रस्तुत गरिएको छ । यी सूचकहरूले देखाए अनुसार भौगोलिक क्षेत्रगत र जातजातिगत रूपमा मुलुकभित्र विषमता रहेको उल्लेख गरिएको छ ।

प्रतिवेदनको चौथो भाग, श्रम उत्पादनशीलता र कुल फ्याक्टर उत्पादनशीलतासँग सम्बन्धित छ । यी उत्पादनशीलता खास गरेर उत्पादन (Manufacturing) क्षेत्रमा क्षेत्रीय र औद्योगिक तहमा विश्लेषण गरिएको छ । प्रतिवेदनले यस चौथो भागमा जिल्लागत रूपमा श्रम उत्पादन (Labour Productivity) गणना गरेको छ । ७५ जिल्लाको अवस्थालाई तालिकामा प्रस्तुत गरेको छ जसमध्ये काठमाडौं अवस्था सबैभन्दा बढी देखिएको छ । Primary, Secondary and Tertiary Sectors को श्रम उत्पादकत्व पनि प्रतिवेदनमा उल्लेख छ जस अनुसार Tertiary Sector को उत्पादकत्व बढी छ । प्रतिवेदनको अर्को खण्डमा नौ ओटा भू विकासात्मक अवस्थाको Labour productivity पनि उल्लेख गरिएको छ । Labour Productivity, HD and Poverty reduction हो । यिनीहरूका बिचमा हुने अन्तरसम्बन्धलाई पनि प्रतिवेदनले केलाएको छ । मुलुकमा रोजगारीका क्षेत्रमा आएको परिवर्तनको विश्लेषण प्रतिवेदनको अर्को विशेषताका रूपमा रहेको छ । Manufacturing का क्षेत्रमा काठमाडौंमा रोजगारीको दर घटेको देखिन्छ भने पूर्वी र मध्य तराईमा बढेको देखिएको छ । धेरै कम उद्योगहरूबाट फाइदा पाउन सकिएको छ, औद्योगिक नीतिमा गरिएको उदारीकरणको प्रभाव पनि उल्लेख मात्रामा पर्न सकेको देखिएन । यस भागमा Total factor productivity मा उत्पादन (manufacturing) र industries बाट परेको प्रभावको पनि विश्लेषण गरिएको छ । Productivity बढाउनमा structural change र Economic Transofrmation जरुरी हुन्छ । परम्परागत कृषि पेसामा सुधार ल्याउन सकेमा पनि उत्पादनशीलतामा सुधार ल्याउन सकिन्छ भन्ने मत प्रतिवेदनमा प्रस्तुत गरेको छ । हालका नीतिबाट औद्योगीकरणलाई बढावा दिन सहयोग गरेको देखिएन, यिनीहरूबाट सक्षमता र उत्पादनशीलतामा कम सहयोग पुगेको देखिन्छ । निजी क्षेत्रलाई आकर्षित गर्न नसकिएकाले विभिन्न क्षेत्रगत रूपमा रहेको विषमतालाई घटाउन वा न्यूनीकरण गर्न मानवीय पक्षमा जोड दिनुपर्ने विचार उठाइएको छ । हरेक नागरिक र निजी क्षेत्रको उत्पादनशील क्षमतामा सुधार ल्याउनु आवश्यक रहेको सुझाव प्रस्तुत गरिएको छ ।

प्रतिवेदनको पाँचौं भाग युवा (१५ देखि ३९ उमेर समूहका) क्षमता सूचकाङ्कको वैयक्तिक तहमा रहेर विश्लेषण गरिएको छ । यो विश्लेषणमा मुलुकमा हालसम्म गरिएका तिन ओटा जीवनस्तर मापन सर्वेक्षणका प्रतिवेदनलाई आधार मानेको मानिएको छ । युवा क्षमता सूचकाङ्कको गणना गर्न व्यक्तिको वैयक्तिक विशेषता (शिक्षा, स्वास्थ, मनोवैयक्तिक अवस्था) आदिलाई आधार लिएको देखिन्छ । प्रतिवेदनले विभिन्न भौगोलिक क्षेत्रगत रूपमा महिला पुरुषको उत्पादनशील क्षमताको तुलनात्मक विश्लेषण र प्रस्तुति गरिएको छ । यसका साथै उत्पादनशील क्षमता र रोजगारीको अन्तरसम्बन्धलाई पनि प्रतिवेदनमा केलाइएको छ । यो अन्तरसम्बन्ध ग्रामीण र सहरी क्षेत्रलाई आधार मानी Deciles मा प्रस्तुत गरिएको छ । रोजगारीका विभिन्न प्रकार र त्यसको अवस्थाका बारेमा समेत प्रतिवेदनमा उल्लेख गरिएको छ । विश्लेषणकै क्रममा काम गर्ने समय (घण्टामा) र उत्पादनशील क्षमताको अन्तरसम्बन्ध पनि समेटिएको छ । जात जातिगत र भौगोलिक क्षेत्रगत रूपमा पनि क्षमताको अवस्थाको समेत प्रतिवेदनमा उल्लेख गरिएको छ । वास्तवमा वैयक्तिक रूपमा उत्पादनशील क्षमता सरकारबाट कार्यान्वयनमा ल्याइएका नीतिहरूमा निर्भर रहने गर्दछन् । यदि नीतिले समावेशी वृद्धि र समावेशीकरणलाई जोड दिएको छ भने यस किसिमको क्षमता विकासमा सकारात्मक प्रभाव पर्ने गर्दछ । वैयक्तिक क्षमताका दृष्टिले काठमाडौं शीर्ष स्थानमा रहेको देखिन्छ भने पश्चिम, मध्य पश्चिम र सुदूर पश्चिमका हिमाली क्षेत्र सबैभन्दा पछाडि परेका देखिन्छन् । प्रतिवेदनले युवाको क्षमता र उत्पादनशील संलग्नताबिचको सम्वन्धको अभावलाई कहाली लाग्दो पक्षका रूपमा उल्लेख गरेको छ । युवाका समग्र रूपमा भन्नु पर्दा यस अवस्थामा सुधार आएको भए तापनि क्षेत्रगत तथा जातजातिगत रूपमा विषमताहरू रहेको

छन् । उच्च दरको वृद्धि हासिल गर्न बढी क्षमतावान् जनशक्तिलाई रोजगारी प्रदान गर्न सक्नुपर्छ । उद्योग तथा Manufacturing क्षेत्रमा बढी क्षमतायुक्त जनशक्तिका साथमा समावेशी पनि उत्तिकै आवश्यक देखिन्छ सामावेशी विकासका लागि । यी सबै कार्यका लागि नीतिगत पक्षमा सुधार गर्नुपर्ने आवश्यकता पनि उत्तिकै मात्रामा रहेको छ ।

प्रतिवेदनको छैठौं भागमा निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ । यसमा Capability को सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । Capability ले प्रक्रिया (Process), उपलब्धि (Outcome) र छनोट (Choice) एवम् यी पक्षहरूसँग जोडिएर आउने स्वतन्त्रतालाई समेटेको हुन्छ । प्रतिवेदनको मुख्य ध्येय क्षेत्रगत, घरपरिवारगत र व्यक्तिगत रूपमा उत्पादनशील क्षमताको अवस्था पहिचान गर्नु रहेकामा धेरै हदसम्म यसले यी पक्षहरूसँग जोडिएर आउने मुद्दाहरू उजागर गर्न सकेको देखिन्छ । मानव विकासको समग्र रूपमा सुधार भएको देखिए तापनि अघिल्लो प्रतिवेदनमा पछाडि परेका क्षेत्र, जिल्ला तथा जातजाति यस पटकको प्रतिवेदनमा पनि पछाडि नै परेका छन् । यस किसिमको अन्तर कम गर्न प्रणालीगत सुधारको आवश्यकता पर्दछ । यसका लागि अल्पकालीन र मध्यकालीन रूपमा सुधारका क्षेत्रहरू तोकिनु पर्छ । प्रणालीगत सुधारअन्तर्गत आधारभूत शिक्षा र स्वास्थ्य प्रणाली, सुरक्षित खानेपानी, बालबालिकाका लागि पोषण आदि जस्ता पक्षमा सुधार आवश्यक छ । यसका लागि अल्पकालीन र मध्यकालीन प्राथमिकताका क्षेत्रमा प्रयोग गरिएका कार्यहरूबाट साक्षरतामा सुधार हुने, विद्यालयको नियमितता सुधार हुने र विद्यालय छाड्ने दरमा कमी आउने छ ।

मानव विकासमा ध्यान दिनुपर्ने अर्को पक्ष भनेको घरपरिवारको आयमा सुधार गर्नु हो । यसको लागि स्थानीय तहमा रोजगारीका अवसर सृजना गर्न सक्नु पर्छ । वैदेशिक रोजगारमा जानेहरूका लागि तालिम प्रदान गर्न सक्नु पर्दछ । सामाजिक सेवाका क्षेत्रमा नीति निर्माण गर्दा मानव विकासका जातजातिगत पक्ष र आयामलाई ध्यान दिनुपर्ने देखिन्छ । यस किसिमका नीतिहरूले शैक्षिक उपलब्धि र आयमा रहेको असमानतालाई सम्बोधन गर्न सक्नुपर्दछ । मानव विकासको सामाजिक आयाममा ध्यान दिनुपर्ने पक्ष भनेको शिक्षा र आर्थिक अवसरको सुनिश्चितता नै हो । मुलुकको समग्र रूपमा उत्पादनशीलता बढाउन कृषि क्षेत्रको सुधार पूर्वाधार, क्षेत्रमा सन्तुलित विकास, उद्योग र Manufacturing क्षेत्रमा सन्तुलित र समावेशी वृद्धि आवश्यक छ । तसर्थ विभिन्न क्षेत्रमा रहेका असमानता र विषमता न्यूनीकरण गर्न नीतिमा सुधारको आवश्यक पर्दछ ।

समग्रमा भन्नुपर्दा नेपालको मानव विकास सूचकाङ्कको अवस्थामा विगतमा भन्दा सुधार आएको छ तर विगतमा रहेको विषमता र असमानताले निरन्तरता पनि पाएको देखिन्छ । यस्ता मुद्दाहरूको सम्बोधनका लागि प्रतिवेदनले निम्नानुसारका पाँचओटा नीतिगत सुझाव प्रस्तुत गरेको छ :

१. क्षेत्रगत रूपमा रहेको विषमताको अवस्थालाई सम्बोधन गर्न सक्ने किसिमबाट बजेट, कार्यक्रम तथा योजना निर्माण गर्ने,
२. पूर्वी र मध्य तराई, मध्य पश्चिम र सुदूर पश्चिम पहाड र हिमाली क्षेत्रमा मानव विकासका लागि जोड दिने,
३. समावेशी नीतिको विस्तार र पहुँचमा जोड दिने,
४. शहरी व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्ने साथै ग्रामीण क्षेत्र र सहर जोडने विषयमा ध्यान दिने र
५. जनसङ्ख्या र विविधतालाई ध्यानमा राखेर अवसरको सुनिश्चितता गर्नमा विशेष ध्यान दिने ।

प्रतिवेदनको मूल भागको अन्त्यमा सन्दर्भ सामग्रीहरू दिइएको छ । अनुसूचीहरूमा तथ्याङ्कका स्रोतहरू गणना गर्ने विधि र प्रक्रिया एवम् विभिन्न तालिकाहरूको विवरण समावेश गरिएको छ । प्रतिवेदनले नेपालमा बिरलै उपलब्ध हुने तथ्याङ्कहरू र यससँग सम्बन्धित सूचनाहरू समावेश गरेको छ । प्राज्ञिक दृष्टिकोणबाट प्रतिवेदन, यसमा समावेश विश्लेषण र प्राप्तिहरू उच्च छन् । यसमा समावेश विश्लेषण यस क्षेत्रमा चासो

राख्ने सबैका लागि अत्यन्तै उपयोगी रहेको छ । प्रतिवेदनले विगतका नीति तथा कार्यक्रमहरूको विषयमा खासै बहस नगरी नीतिहरूको प्रभावकारिताका विषयमा ठुलो प्रश्न चिन्ह खडा गरेको छ । कतिपय सूचकहरूमा प्रगति देखिएको छ तर क्षेत्रगत जातजातिगत लैङ्गिकगत रूपमा देखिएको विषमताले निरन्तरता पनि पाएको छ । यो अवस्था नै नीतिको प्रभावकारिता मापन गर्ने गतिलो माध्यम पनि हो । मुलुक विकासका लागि उपयुक्त नीति, लगानी, शिक्षा, स्वास्थ्य जस्ता सामाजिक सेवाका क्षेत्रमा सुधार, आर्थिक स्थितरता आयआर्जनका अवसर आदिमा जोड दिनुपर्ने देखिन्छ । यी पक्षहरूमा ध्यान दिन सकेमा पूर्वाधार विकासका साथमा आर्थिक अवसरमा वृद्धि हुनका साथै मानव विकासमा समेत सहयोग पुग्दछ । प्रस्तुत प्रतिवेदनले मुलुकको अवस्था कस्तो रहेछ भन्ने पक्षमा चित्र प्रस्तुत गर्नुका साथै सुधार कुन क्षेत्रमा गर्नुपर्ने रहेछ भन्ने सूचना पनि नीति निर्माताहरूलाई दिने विश्वास गर्न सकिन्छ । आखिर कुनै अध्ययन अनुसन्धानका प्रतिवेदनले यसभन्दा बढी के नै गर्न सक्छ र । यसलाई कसरी प्रयोग गर्ने भन्ने विषय त कार्यान्वयनकर्ता एवम् प्रयोगकर्तामा भर पर्ने विषय हो । गल्ती गर्नु त्यति ठुलो विषय नबन्न सक्छ तर विगतका गल्तीबाट पाठ सिकेर अबका दिनमा सुधार नगर्ने कार्य अक्षम्य हुन्छ । प्रतिवेदनको समग्र अध्ययनबाट के देखिन्छ भने सरकारले विगतमा लिएका कतिपय नीतिहरू विषमतालाई सम्बोधन गर्न र असमानता न्यूनीकरण गर्न त्यति प्रभावकारी नबनेको देखिन्छ । विविध प्रयास र स्रोतको प्रयोगका बाबजुद पनि विभिन्न क्षेत्र र समूहका बिचमा रहेको अन्तरले निरन्तरता पाएको देखिन्छ ।

राष्ट्रिय योजना आयोग र सयुक्त राष्ट्र सङ्घ विकास कार्यक्रमको संयुक्त पहलमा तयार गरिएको यस प्रतिवेदनले सन् २०११ को जनगणना, राष्ट्रिय जीवनस्तर मापन सर्वेक्षण (पहिलो, दोस्रो र तेस्रो) प्रतिवेदनहरू लगायत विविध तथ्याङ्कहरूलाई आधार मानेर तथ्याङ्क एवम् सूचनाहरूको विश्लेषण गरेको छ । विगतको अवस्था र हालको अवस्थामा प्रस्तुत गरिएको तुलनात्मक विश्लेषणले प्रतिवेदनलाई अझ मननीय, पठनीय र अर्थपूर्ण बनाएको छ ।

प्रतिवेदन तयार गर्ने कार्यमा विभिन्न सरकारी एवम् अन्य निकायहरूलाई मूल समितिमा राखेर यसमा सबैको अपनत्व लिने प्रयास राष्ट्रिय योजना आयोगले गरेको देखिन्छ । तयारी समूहमा लेखन समूह, अनुसन्धान कर्ता, तथ्याङ्क विज्ञ, सम्पादक, Peer Reviewers र Reviewers गरी विभिन्न विज्ञहरूको सहभागिता पनि सुनिश्चित गरिएको देखिन्छ । महत्त्वपूर्ण तथ्याङ्कहरू समावेश गरेर प्रतिवेदन आफैँमा महत्त्वपूर्ण बनेको छ ।